मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

# तिहार पर्व, २०८० को शुभकामना सन्देश

नेपालीहरूको महान् चाड तिहार, २०८० को पावन अवसरमा कोशी प्रदेशसहित देश र विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सर्मृद्धि एवं उत्तरोत्तर प्रर्गतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपाल मौलिक कला र संस्कृतिले भरिपूर्ण देश हो । यहाँ मनाइने चाडपर्वले विविधतामा एकताको सन्देशसमेत दिँदै आएका छन् । यस्तै पर्वको माध्यमवाट वहुल जाति, भाषा र धर्मवीच भाइचारासमेत स्थापित हुन पुगेको छ । दसैं / तिहारलाई हिन्दुहरूको महान् चाड मानिन्छ । चाडहरूले विभिन्न जातजाति, भाषाभाषी र संस्कृतिलाई एकताको एउटै मालामा गाँसेका छन् । तिहारमा काग, कुकुर, गाई, गोरु, गोर्वधन पर्वत, लक्ष्मी र दाजुभाइको पूजा तथा आराधना गरिन्छ ।

मानव तथा प्रकृति विचको सम्वन्ध उजागर गर्ने पर्वको रुपमा स्थापित तिहार (दीपावली, सुकरात) मा गाई, कुकुर, कागलगायत पशुपंक्षीको पूजा हुन्छ । अन्तिम दिन दिदीवहिनी र दाजुभाइवीचको प्रगाढ सम्वन्धको प्रतीक स्वरुप भाइटीका लगाइन्छ । गाई पूजा गरी देउसी भैलो खेल्ने प्रचलन मौलिक संस्कृताको अर्को महत्वपूर्ण पाटो मानिएको छ । तिहारकै सन्दर्भमा नेवार समुदायले म्हपूजा गरी आत्माशुद्धि गर्ने चलन छ । कोशी प्रदेशमा राजवंशी समुदायले हुक्काहुक्की, थारु समुदायले सुकरात, मारवाडी तथा मधेशी समुदायले दीपावलीको नामवाट तिहार मनाउने गर्दछन् ।

जुन नामवाट मनाए पनि तिहार उज्यालो र प्रकाशको पर्व हो । उज्यालो प्रेरणा अनि सफलताको विम्व पनि हो । तिहारमा वालिने वत्ती भौतिक प्रकाशका लागि मात्र नभएर यसवाट आत्मचेतना र आत्मज्योतिको विकासका लागि पनि प्रेरणादायी हुनुपर्दछ ।

पुनश्च यस पर्वले कोशी प्रदेशवासी हामी सवैमा प्रेम, सहिष्णुता र सद्भावको भाव प्रस्फुटन गर्दै राष्ट्रिय एकतामा आवद्ध हुन सहयोग गरोस् भन्ने कामना गर्दै हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

जय नेपाल ।

२०८० साल कात्तिक २६ गते, आइतवार ।

केदार कार्की
मुख्यमन्त्री

Scanned with CamScanner